प्रविधिक प्रतिवेदन

गुल्मी जिल्लाको रिडि-तम्घास सडक वरपर आय आर्जनकालागि दीगो भूव्यवस्थापन मुखी व्यवशायिक ताजा तरकारी तथा कोशेवाली वीउ उत्पादन र वजार प्रवर्द्धन आयोजना

टीकाराम भूसाल

1. सारांस

पर्वत जिल्लामा संचालन गरिएको दीगो भूव्यवस्थापन कार्यक्रमको सिकाईलाई गुल्मी जिल्लामा पनि अनुसरण गराउने गरि व्यवशायिक रुपमा दीगो भूवस्थापन मुखी ताजा तरकारी र कोशेबाली वीउ उत्पादन तथा त्यसको वजार व्यवस्था गरि कृषकहरुको आय वृद्धि गर्न यो आयोजना शुरु गरिएको थियो । जैविक कफि उत्पादनकोलागि प्रयत्नरत रिडि तमघास सडक वरपरका किसानलाई लक्षित गरि प्रस्तावित गरिएको यो आयोजना गुल्मी जिल्लाको सुदूर पुर्वका ५ गा.वि.स.मा संचालन गरिएको थियो । सरोकारवालाहरुसंग समन्वय र सहकार्यकोलागि समन्वय वैठक, किसानहरुको अवस्था पहिचान गर्न सर्भेक्षण, किसानहरुको रोजाई अनुसारका विषयमा प्राविधिक तथा वीउ सहयोग, बैकल्पिक सिंचाईको नमूना प्रदर्शन, वजार व्यवस्थाकोलागि व्यापारीहरुसंग सम्पर्क, सम्वाद तथा सम्वन्ध विकास, उपलव्धिहरुको प्रचार प्रसारकोलागि स्थानिय रेडियोवाट कार्यक्रम प्रसारण तथा कार्यक्रमको निरन्तरताकोलागि कृषक संजालको गठन र परिचालन जस्ता कृयाकलापहरु गरिएको थियो । यी सवै कृयाकलापहरुवाट किसानहरु व्यवशायिक रुपमा प्राङ्गारीक ताजा तरकारी तथा कोशेबाली बीउ उत्पादन गर्न किसानहरु सक्षम भएका छन् ।

2. विशेष वुंदा

पर्वतका सिकाईहरुलाई अन्यत्र पनि विस्तार गरी किसानहरुको आय आर्जन गराउन प्रस्तावित गरिएको यस आयोजना आयोजना क्षेत्रको अवस्था, आवश्कता, किसानहरुको चाहना र नेपाली साना किसानहरुलाई व्यवशायिक उत्पादन गर्न गराउन उत्प्रेरीत गराउन पुर्ण सफल देखियो ।

3. परिचय

विगत १ दशकमा नेपालका पहाडी जिल्लाहरुमा यातायात सुविधामा व्यापक सुधार भएको छ । यातायातको सुविधा सँगै ग्रामिण क्षेत्रका जनताको खर्च पनि वृद्धि भएको छ । खर्चको वृद्धि सँगै आम्दानीको श्रोतमा वृद्धि नगर्ने व्यक्ति वा समुदाय दिन प्रतिदिन कंगाल हुदै जाने सुनिश्चित हुन्छ । त्यसकारण उत्तर दक्षिण राजमार्गका वरपर विक्रि योग्य कृषि उत्पादन वृद्धि गर्नु पर्ने आवाज सवै तर्फवाट आइरहेको छ । पहाडी क्षेत्रको व्यवशायिक उत्पादनले तराई क्षेत्रको ठूलो क्षेत्रफलमा हुने व्यवशायिक उत्पादनसँग प्रतिस्पर्धा गर्न विशेष गुणस्तरको हुनै पर्छ । त्यसरी प्रतिस्पर्धा गर्न सक्ने उत्पादन भनेको रसायनिक मल र विषादी प्रयोग नगरेको कृषि उत्पादनले मात्रै तराईमा उत्पादित वस्तुसँग वजारमा प्रतिस्पर्धा गर्न सक्छ । किनभने रसायनिक मल र विषादी प्रयोग नभएको उत्पादनको स्वादीलो र स्वस्थकर हुने हुनाले वढि मूल्यमा विक्रि हुन सक्छ । नेपालका धेरै पहाडी गाउंहरुमा रसायनिक मल र विषादी प्रयोग नगरी व्यवशायिक रुपमा ताजा तरकारी खेती गर्न सकिने संभावन छ । त्यस्तै संभावना वोकेको रुरु श्रृङ्गेस्वर क्षेत्रका ५ गा.वि.स.का २० समूहमा खेती योग्य भुमिको गुणस्तरमा प्रतिकूल असर नपार्ने गरी गरिने खेती प्रणाली (दीगो भूव्यवस्थापनमुखी खेती प्रणाली) मा आधारित भई व्यवशायिक कृषि उत्पादन गरी सो को वजार व्यवस्थापन गरी त्यस क्षेत्रका किसानहरुको जीवन स्तरमा सुधार

गराउन यो आयोजना प्रस्ताव गरिएको थियो । यस आयोजनामा राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषको आर्थिक तथा प्राविधिक सहयोग रहेको थियो । त्यसै गरी जिल्ला कृषि विकास कार्यालय गुल्मी र कृषि सेवा केन्द्र वलेटकसारवाट प्राविधिक सहयोग र स्थानीय साझेदार संस्था राष्ट्रिय जनजागरण अभियानवाट पनि सम्पर्क समन्वयको क्षेत्रमा अतुलनिय सहयोगका कारण यो आयोजना सफलता पूर्वक सम्पन्न हुन सकेको हो ।

4. सामाग्री तथा तरीका

वजारमा सजिलै खपत हुने, अन्यत्रवाट उत्पादन गरी आएको उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने गरी व्यवशायिक कृषि उत्पादन गरी आय आर्जन गर्न प्रयासरत कृषकहरुलाई सँगठित रुपले योजनावद्ध व्यवशायिक कृषि उत्पादन गरी सो को विक्रिवाट आय वृद्धि गरी उनीहरुको जीवनस्तरमा सुधार गर्ने अवधारणामा आधारित भई यो आयोजना शुरु भएको हो ।

यस आयोजनामा गुल्मी जिल्लाको सुदूर पुर्वमा रहेका रुरु, थानपति, वम्घा, वलेटक्सार र दीगाम गा.वि.स.मा संचालन गरिएको । ती गा.वि.स.का विभिन्न वस्तीमा सँगठित भई कृषि विकास कार्यालयमा कृषि समूहको रुपमा दर्ता भएका २० सम"हमा आवद्ध ४९३ (३८३ महिला र ११० पुरुष) प्रत्यक्ष रुपमा संलग्न रहेका थिए । आयोजनामा प्रत्यक्ष रुपमा संलग्न किसानहरु मध्ये ९२ जना कोशेवाली वीउ उत्पादन गर्न र ४०१ जना ताजा तरकारी उत्पादनमा संलग्न रहेका थिए ।

आयोजना कार्यान्वयन गर्दा अधिकतममात्रामा स्थानीय सामाग्री प्रयोग गरिएको थियो । विशेष गरी व्यवशायिक कृषि उत्पादनमा आवश्यक पर्ने मल र रोग किरा नियन्त्रणकोलागि विषादी सवै स्थानीय रुपमा किसानहरु आंफैले उत्पादन गरी उपयोग गरेका थिए । खेतीकोलागि आवश्यक मलखादको रुपमा गोठेमल, कम्पोष्ट मला र हरियो मलमात्र प्रयोग गरिएको थियो । त्यसै गरी रोग किरा नियन्त्रणकोलागि आवश्यक पर्ने विषादी पनि स्थानीय रुपमा उपलव्ध हुने वनस्पति (तितेपाती, खिर्रो, सिउडी, केतुकी, सिस्नो, वोझो, खुर्सानी, नीमको पात, पशुमुत्र, प्याज, लसून, टिमूर आदि)मात्र प्रयोग गरिएको थियो । व्यवशायिक उत्पादनकोलागि आवश्यक पर्ने वीउ भने वाहिरवाट किनेरै ल्याउनु पर्ने हाईब्रीड तथा उन्नत जातका वीउहरु प्रयोग गरिएको थियो । व्यवशायिक तरकारी खेतीकोलागि सहयोगी हुन सक्ने मकैको वीउ पनि स्थानीय कृषकहरुले उत्पादन गरेको देउती तथा मनकामना - ३ प्रकारका मकै विउ प्रयोग गरिएको थियो ।

आयोजना कार्यान्वयनकोलागि सहभागिता मूलक तरीका अवलम्वन गरिएको थियो । आयोजना कार्यान्वयनको भौगोलिक क्षेत्र र समूह पहिचान गर्दा सम"हलाई वैधानिकता दिने र आवश्यक रेखदेख गर्ने जिम्मेवारी पाएको जिल्ला कृषि विकास कार्यालय, कृषि सेवा केन्द्र वलेटक्सारको संलग्नता र सहभागितामा भएको थियो । आयोजनाका सवै क्रियाकलापहरु लाभान्वित हुने सम"ह किसानहरुको सल्लाह र सहमति अनुकुलको समय मिलाएर गरिएको थियो । व्यवशायिक कृषिकोलागि किसानहरुलाई आफ्नो अवस्था र आवश्यकता हेरी आत्म रोजाईको सिद्धान्त अनुसार जातीय छनौट गर्न उत्प्रेरीत गरिएको थियो ।

किसानहरु लेखपढ गर्न जान्ने थोरै हुने हुनाले सवै प्रकारका तालिमहरु व्यवहारीक अभ्यास गराउंदै संचालन गरिएको थियो । तालिममा सिकेको कुरालाई आफ्नो समूहमा काम गर्दा पनि संझन सजिलो होस भनेर सवै समूहमा व्यवहारीक अभ्यास प्लट संचालन गरिएको थियो ।

कृषक समूह छनौटमा पनि लैंगिक तथा सामाजिक समावेशी हुने गरी छनौट गरिएको थियो । त्यसै गरी समूहवाट प्रतिनिधित्व गराउने ठाउंमा महिला सहभागितालाई सुनिश्चित गर्ने गरेको

थियो । त्यसै गरी कृषक संजाल गठन गर्दा पनि लैंगिक तथा सामाजिक समावेशीकरणमा पनि ध्यान दिइएको थियो । जिल्ला स्तरीय सवै कार्यक्रमहरुमा समूहका अगुवा महिलाहरुको ठूलो संख्या समावेश गराउने गरिएको थियो । यसवाट समूह कृषकहरुको सरोकारवाला निकायसँग सम्पर्क र सम्वन्ध विकास भएको थियो । सोही सम्वन्धको सदुपायोग गर्दै कतिपय समूहले जिल्ला विकास समितिवाट सहयोग पनि प्राप्त गरे ।

त्यसै गरी जैविक विषादी निर्माण गर्न कालो प्लास्टिकको ड्रम प्रयोग गरिएको थियो भने पशुमुत्र संकलनकोलागि केही गा.वि.स.वाट पशुमूत्र संकलन र सदुपयोग गर्न भकारोमा नै स्थानीय माटोको खाल्डो निर्माण गरिएको थियो ।

5. नतीजा तथा छलफल

i) १३ कृषक समूहका २४५ किसानहरुले वजारको माग र आफ्नो जमिनको अवस्था अनुसार ताजा तरकारी खेती गर्ने गरेका छन्

ii) ५ समूहका ६५ किसानहरुले स्थानीय वजारमा सजिलै विक्ने जातका तरकारी तथा कोशेवाली वीउ खेती सम्वन्धी समूहगत योजना वनाई खेती गरी रहेछन् ।

iii) २२ जना महिला र ८ जना पुरुष किसानहरुले दीगो भूव्यवस्थापनमुखी ताजा तरकारी खेतीकोलागि र ५ पुरुष कोशेवाली वीउ खेती सम्वन्धी स्थानीय श्रोत व्यक्तिका रुपमा विकास भएका छन् ।

iv) २४५ किसानहरुले वाह्रैमास औसतमा १ रोपनी जमिनमा दीगो भूव्यवस्थापनमुखी ताजा तरकारी खेती गरी औषतमा ३०० केजी तरकारी उत्पादन गरी विक्रि गरी रहेकाछन् ।

v) ६५ किसानहरुले चौमासे सिमि र सिक्किम लोकल केराउको वीउ खेती गरी वार्षिक १ टन कोशेवाली वीउ उत्पादन गरी रहेकाछन् ।

vi) सतह सिंचाईको संभावना नभएका ५५ जना कृषकले घरेलु प्रयोगवाट खेर जाने, सार्वजनिक धारावाट वगेर जाने पानी तथा वर्षातको पानीको सदुपयोग गरी प्रत्येकले १ रोपनी भन्दा वढि जमिनमा बाह्रैमास तरकारी खेती गरी रहेकाछन् ।

vii) आयोजना क्षेत्रका १८ समूहको किसानहरु संलग्नतामा "प्राङ्गारिक कृषिकालागि कृषक संजाल" नामक संस्था विधिवत रुपमा गठन तथा दर्ता भई आयोजनाले संचालन गरेका सवै कार्यक्रमलाई नियमित संचालन गरी रहेको छ ।

viii) आयोजना क्षेत्रका किसानहरुको प्रयासवाट प्रभावित भई कृषि विकास कार्यालयले आयोजना क्षेत्रका २५ जना किसानहलाई प्लास्टिक पोखरी निर्माणमा सहयोग गरेकोछ ।

ix) आयोजना क्षेत्र वाहिर पनि दीगो भूव्यवस्थापन मुखी तरकारी खेती गर्ने प्रचलन वढ्दै गएको छ ।

x) आयोजना क्षेत्रको भट्कुवा क्षेत्रले मकै भित्र घुसुवा तरकारी खेती (काउली, वन्दा र टमाटर) खेती गर्ने क्षेत्रको रुपमा पहिचान वनाई सकेको छ ।

6. उपसंहार

किसानहरुको अवस्था र आवश्यकता अनुसारका विधि प्रविधिहरु भए भने किसानहरुले सजिलै अपनाउंछन् भन्ने कुरा सांचो हो । आयोजनाको शुरुआतमा आयोजनाको प्रतिफल प्राप्त हुन सक्ला नसक्ला भन्ने आशंकाका साथ कार्यक्रम शुरु गरिएको थियो । तर आयोजनाको अन्त्य हुने वेलासम्म आयोजना क्षेत्रका १८ समूहहरु सँगठित भई आयोजनाका उपलब्धिहरुलाई रक्षा गर्न प्रतिवद्ध भएका छन् । स्थानीय निकाय, राजनैतिक पार्टीका प्रतिनिधिहरु, आम उपभोक्ता र तरकारी व्यपारीहरु समेत दीगो भुव्यवस्थापनमुखी तरकारी उत्पादन प्रति निकै उत्साहित र यसको निरन्तरताकोलागि सहयोग गर्न वचनवद्ध भएकाछन् । यसवाट सो क्षेत्रमा दीगो भूव्यवस्थापन मुखी वा जैविक कृषि उत्पादनको व्यवशायिक उत्पादनको दिनानुदिन विकास र विस्तार हुनेछ भनेर विश्वस्त हुन सकिन्छ ।

7. सिफारीस

i) आयोजना क्षेत्र जैविक कृषि उत्पादनको नमूना स्थलको रुपमा विकास भई रहेको छ । जैविक उत्पादनको माग पनि दिन प्रतिदिन वढ्दो छ । सो माग परि पुर्ति गर्न "जैविक कृषिकालागि कृषक संजाल" कम्मर कसेर लागेको छ । सो संजालको संस्थागत विकास गराउन र संजाल भित्रै जैविक खेती सम्वन्धी थप प्राविधिक ज्ञान, सिप भएको प्राविधिक जनशक्ति विकास गराउने खालको थप कार्यहरु गर्न आवश्यक छ ।

ii) त्यसै गरी सो क्षेत्रका किसानहरुलाई आवश्यक प्राविधिक सहयोग गर्न कृषि सेवा केन्द्र वजेटक्सारमा जैविक कृषि सम्वन्धी विशेष ज्ञान, सिप भएको प्राविधिकको नियमित उपस्थितिको सुनिश्चितता गरिनु आवश्यक देखिन्छ ।

iii) आयोजना क्षेत्र सुख्खा क्षेत्र भएकोले वैकल्पिक सिंचाई प्रविधि (जुठेल्नो सुधार, प्लाष्टिक पोखरी तथा थोपा सिंचाई प्रविधि) को विकास र विस्तार गरिनु नितान्त आवश्यक छ ।

iv) नेपालमा जैविक उत्पादनको पर्याप्त संभावना छ । विभिन्न ठाउंमा जैविक उत्पादन पनि भई रहेको छ । जैविक उत्पादनको प्रमाणीकरण व्यवस्था पनि शुरु भई सकेको छ । त्यसकारण आयोजना क्षेत्र र त्यस वरपरको जैविक उत्पादनको प्रमाणीकरणको व्यवस्था पनि गर्नु पर्ने देखिन्छ

8. सन्दर्भ सामाग्री

१. वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्यांक पुस्तिका एक झलक आ.व. २०६१/०६२ कृषि विकास कार्यालय गुल्मी
२. आवधिक जिल्ला विकास योजना गुल्मी (२०५९/०६० - ०६३/०६४)
३. गुल्मी जिल्लाको माटो उर्वरा शक्ति नक्सा - माटो व्यवस्थापन निर्देशनालय, हरिहर भवन ललितपूर
४. राष्ट्रिय जनगणना २०५८ अनुसार: आवधिक जिल्ला विकास योजना गुल्मी (२०५९/०६० - ०६३/०६४)
५. आयोजना सम्पन्न प्रतिवेदन २०६७ - सिक्रेड नेपाल